# दलित वाच समूह राष्ट्रिय जनगणना २०६८

ई-न्युजलेटर

हटलाइन सेवा ९८५११-३३१९७

RDIF

Census Special eNewsletter Issue-1 June 2011 Email: dnf@dnfnepal.org


## यसभित्रः


पाँच बुँदे सहमति कार्यन्वयन भएन

दलित समुदायको वास्तविक तथ्यांक ...

दलका जनवर्गीय संगठनसँग छलफल

सदस्य संस्थाहरूसँग पनि छलफल

अनुगमनको जिम्मेवारी बाँडफाँड

थर दलितको जात भने बाहुन लेखियो

जिल्ला गतिविधी


## पाँच बुँदे सहमति कार्यन्वयन भएन

दलित गैरसरकारी संस्थामहासंघ लगायतका नौ वटा संस्थाहरुसंग केन्द्रीय तथ्याङ्क विभागसंग भएको पाँचवुँदे सम्झौता जिल्ला जनगणना समन्वय समितिले कार्यन्वयन नगरेको पाईएको छ । सो सहमतिमा जिल्लामा जाने गणक नियुक्त गर्दा र जनगणनाका लागि जिल्ला र केन्द्रीयस्तरमा गठन हुने समितिहरु र अन्य प्राविधिक समितिहरु प्रत्येकमा दलितको समानुपातिक समावेशीकरण गर्ने, राष्ट्रिय दलित आयोगले सूचिकरण गरेको जात समुहहरु जिल्ला जनगणना कार्यालयहरुमा पठाई सुपरिवेक्षक र गणकहरुलाई सो जातजातिका वारेमा जानकारी दिने लगायतका ५ वुँदे सहमति भएको थियो । तर अधिकांश जिल्लाहरुमा दलितलाई आमन्त्रित सदस्यमा मात्र राखेको, पर्यवेक्षण समितिहरुमा समेत नराखेको र गणकहरुमा औषतमा २ प्रतिशत मात्र राखेको पाइएको छ । इलाम, डोटी, अर्घाखाँची जिल्लामा गणकमा कुनैपनि दलित शिक्षक नै नभएको पनि नियुक्त नगरेको समाचार प्राप्त भएको छ । कतिपय विद्यालयहरुमा दलित शिक्षक हुँदाहुँदै प्रधानाध्यापक स्वयं गणक भइ विद्यालय छोडेर खटिएको समेत पाईएको छ ।

## दलित समुदायको वास्तविक तथ्यांकका लागि संघसंस्थाहरु क्रियाशील

काठमाडौं / १० वर्ष पछाडि यस वर्ष शुरू भएको जनगणनामा दलितहरूले उल्लेख्य सहभागिता देखाइरहेका छन् । तर कतिपय जिल्लाहरूमा दलित समुदायका व्याक्तिहरूले आफ्नो जात क्षेत्री वा बाहुन लेख्न थालेकाले दलित समुदायमा चिन्ता पनि बढ्न थालेको छ । कतिपय जिल्लाहरूमा त जनगणनाका गणकहरूले नै हेल्चेक्रयाई गर्ने गरेको विभिन्न जिल्लामा रहेका दलित अधिकारकर्मीहरूले जनाएका छन् । २०५८ सालमा भएको जनगणनामा दलितहरूको संख्या घटेपछि यस वर्ष नघटोस् भनेर दलित गैरसरकारी संस्था महासंघको अगुवाईमा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, राष्ट्रिय दलित नेटवर्क, दलित महिला संघ, जागरण मिडिया सेन्टर, दलित सेवा संघ, जन उत्थान प्रतिष्ठन लगायतका संघ संस्थाहरूले विभिन्न जिल्लाहरूमा रहेका दलितहरूलाई परिचालन गरेको छ । साथै जनगणना २०६८ लाई सफल पार्न राजधानी र विभिन्न जिल्लाहरूमा अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू भइरहेका छन् | 'दलित वाच राष्ट्रिय जनगणना २०६८' समुह गठन गरी दलित गैरसरकारी संस्था महासंघको रहोवरमा 'दलित समुदायको वास्तविक तथ्याङ्क संकलनका लागि अभियान' परियोजना सञ्चालन भएको छ । यस अभियानले यसमा आवद्ध ९ वटा संस्थाहरुलाई अनुगमनका लागि जिम्मेवारी बाँडफाँड गरेको छ ।

जसअनुसार दलित गैरसरकारी संस्था महासंघले डडेलधुरा, कन्चनपुर, कैलाली, बाँके, सल्यान, जाजरकोट, गुल्मी, स्याङ्जा, महोत्तरी, बझाङ, सिन्धुपाल्चोक, झापा, ताप्लेजुङ, मोरङ, भोजपुर, रौतहट, दाङ, तेह्रथुम, ओखलढुंगा र काठमाडौं गरी २० जिल्ला, दलित महिला संघले चितवन, कास्की, मकवनपुर, अर्घाखाँची, ललितपुर, इलाम, दोलखा, संखुवासभा र वाग्लुङ गरी ९ वटा, दलित सेवा संघले जुम्ला, सिन्धुली, रसुवा, मनाङ, मुगु, अछाम, धादिङ, सोलुखुम्वु र मुस्ताङ गरी ९ वटा, जनउत्थान प्रतिष्ठानले पाल्पा, तनहुँ, लम्जुङ, गोरखा, धनुषा र सिराहा गरी ६ वटा, राष्ट्रिय दलित नेटवर्कले दार्चुला, बैतडी, बाजुरा र डोटी गरी ४ वटा, जागरण मिडिया सेन्टरले प्युठान र रुपन्देही गरी २ वटा, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघले धनकुटा, खोटाङ, सप्तरी, काभ्रे, भक्तपुर, रामेछाप, नुवाकोट, म्याग्दी, पर्वत, उदयपुर, पाँचथर र सुनसरी गरी १२ वटा, लार्क नेपालले कपिलवस्तु, नवलपरासी, पर्सा, सर्लाही र बारा गरी ५ वटा र नेप्सकोनले सुर्खेत, दैलेख, बर्दिया, रोल्पा, रुकुम, हुम्ला, कालीकोट र डोल्पा गरी ८ वटा जिल्लाको अनुगमन गरिरहेको छ ।

## जिल्ला गतिविधी

जनगणना कार्यले तीव्रता पाइरहेका बेला कतिपय जिल्लाहरुमा निरासा पनि छाएको छ । कतिपय जिल्लामा दलितलाई समन्वय समितिमा पनि नराखिएको पाइएको छ । कतिपय जिल्लाहरुमा जनगणनाको पोष्टरहरुसमेत नपुगेको गुनासोहरु पनि बढेको छ ।

सम्पूर्ण जिल्लाहरुका स्थानीय एफएमहरुबाट दलितको जात राख्न सुचना प्रशारण गरिरहेकाले गणकहरुलाई केही सजिलो भएको छ । तर पनि दलितहरुले आफ्नो जात ढाँटिरहेका छन् ।

प्रायः सवै जिल्लाहरुमा दलितहरु गणक राखिएका छन्, यत्तिकै मात्रामा दलित संघ-संस्थाहरुले पनि आफ्ना कर्मचारीहरु परिचालन गरेकाछन् । तथापि कतिपय जिल्लाहरुमा दलित शिक्षक नभएका कारण गणकहरु राख्न नसकिएको गुनासाहरुसमेत आएका छन् । कञ्चनपुरमा भने गणकहरुले सोध्न नजानेकै कारण दलितले आफ्नो जात लेखेका छैनन् ।

गणकहरुले दैनिक भत्ता पाउने भएकाले केही जिल्लामा प्रधानाध्यापकहरु मात्रै गणक बनेका छन् । स्याङ्जामा विविध कारण देखाएर समितिमा नराखेका कारण दलितहरुले जिल्ला तथ्यांक कार्यालय र जिल्ला शिक्षा कार्यालयमा पुगेर ज्ञापनपत्र दिएपछि मात्रै दलितलाई समितिमा राखिएको छ ।

दलित वाच समूह राष्ट्रिय जनगणना २०६८
ई-न्युजलेटर
हटलाइन सेवा ९८५११-३३१९७
Census Special eNewsletter Issue-1 June 2011 Email: dnf@dnfnepal.org

## सदस्य संस्थाहरूसँग पनि छलफल

काठमाडौं । दलित गैरसरकारी संस्था महासंघले आफ्ना सदस्य संस्थाहरूसँग जेठ ८ गते छलफल आयोजना गरेको छ । असार ३ गतेदेखि भइरहेको राष्ट्रिय जनगणना २०६८ लाई सफल पार्न र दलितहरूको वास्तविक जनसंख्या ल्याउनका लागि अनुगमन गर्ने निर्णय पनि गरेको छ ।
विभिन्न संघसंस्थाका प्रतिनिधि सम्मिलित सो बैठकले टेलिभिजन र अन्य सञ्चार माध्यममार्फत दलितलाई आफ्नो थरका अलावा अनिवार्यरूपमा जात लेखाउन प्रोत्साहित गर्ने निर्णय गरेको छ ।
दलित गैरसरकारी संस्था महासंघका अध्यक्ष गजाधर सुनारको सभापतित्वमा भएको सो बैठकमा लार्क नेपालका रामलखन हरिजन, पिडीआरसीका दलबहादुर विश्वकर्मा, दलित सेवा संघकी लीला विश्वकर्मा, दलित निगरानीकी खेममाया शिवालगायतको सहभागिता थियो ।

## दलका जनवर्गीय संगठनसँग छलफल

जेठ ८ बुधबारमा दलित गैरसरकारी संस्था महासंघको केन्द्रीय कार्यालय ताल्छिखेलमा राजनीतिक दलका दलित संघ/संगठनका नेतृत्वहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । सो अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले जनगणना भइरहे पनि दलित समुदायले सञ्चार माध्यममार्फत आफ्ना कुराहरू राख्न नसकेको बताउनु भयो । उहाँहरूले जतिसक्दो सञ्चारका माध्यममार्फत दलितले आफ्नो जात लेखाउन प्रेरित गर्नुपर्नेमा पनि जोड दिनु भयो ।
दलित गैरसरकारी संस्था महासंघका अध्यक्ष गजाधर सुनारको सभापतित्वमा भएको सो अन्तरक्रिया कार्यक्रममा सरकारले असार १३ सम्म मात्रै जनगणना गर्ने भनेकाले त्यो अवधीमा वास्तविक जनसंख्या थाहा पाउन कठिन हुने भएकोले केही दिन म्याद थप्नु पर्ने, शुरूमा गणकहरूबाट दलितको जात राख्न छुटेकाहरूले आफ्नो जात सच्याउन पाउनुपर्नेमा जोड दिनु भएको थियो ।
सो अन्तरक्रिया कार्यक्रममा नेपाल उत्पीडित जातीय मुक्ति समाजका अध्यक्ष जीतु गौतम, राष्ट्रिय दलित मुक्ति मोर्चाका सहसंयोजक रणेन्द्र बराली, नेपाल दलित संघका मुक्तबहादुर महरा, दलित सेवा संघका अध्यक्ष चक्रमान विश्वकर्मा, दलित महिला संगठनकी तुलसा गौतम लगायतले संघीयता र दलितलाई आरक्षण दिन नचाहने गणकहरूले नै दलितको जात आफु खुसी लेखिदिने गरेको निष्कर्ष निकाल्नु भएको थियो ।

## थर दलितको जात भने बाहुन लेखियो

काठमाडौं । राज्यका हरेक निकायमा दलित समुदायको समानुपातिक र राज्यले वर्षौंदेखि गरेको उत्पीडनका विरूद्ध थप क्षतिपुर्ती मागिएको भए पनि कतिपय दलितहरूले दलितको जात ढाँटेर क्षेत्री बाहुनको जात लेखाएको तथ्यहरू सार्वजनिक भएको छ । जनगणनामा गएका गणकहरूलाई थर दलितको लेखे पनि जात भने अर्कै लेख्ने गरेको पाइएको हो ।
विषेश गरेर दलितभित्र पनि घिमिरे, अधिकारी, कोइराला, बोगटी, थापा, बराल, खनाल, खड्का, केसी, पौडेल, शिलवाल आदी थर क्षेत्री बाहुनसँग मिल्ने भएकाले कतिपय दलितहरूले आफु क्षेत्री वा बाहुन जातभित्र पर्ने लेखाएका हुन् । कतिपय स्थानहरूमा त यी थरहरू दलितकै भए पनि गणकहरूले थर भन्नेवित्तिकै दलितको जातमा नराखेर क्षेत्री बाहुनमा राखिदिने गरेको विभिन्न जिल्लाहरूबाट प्राप्त विवरणहरूमा उल्लेख गरिएको छ ।
राजधानीलगायत देशका विभिन्न ठाउँहरूमा दलितले डेरा बस्ने बेलामा जात ढाँटेर बस्ने गरेका छन् । उनीहरूले दलित भनेको खण्डमा डेरा पाउन असम्भव छ । यसपटकको जनगणनामा व्यक्तिको स्वतन्त्रतालाई गोप्य राखिने भनिएको भएपनि गणकहरूले घरबेटीकै अगाडि जात सोधिदिनाले पनि दलितहरूले स्पष्टरूपमा जात भन्न नसकेको निष्कर्ष दलितहरूले निकालेका छन् ।

## अनुगमनको जिम्मेवारी बाँडफाँड

काठमाडौं । राष्ट्रिय जनगणना सफल पार्न बनेको दलित वाच राष्ट्रिय जनगणना २०६८ मा आवद्ध रहेका दलित संस्थाहरूले राजधानीका विभिन्न स्थानहरूमा दलितका सुचीमा रहेका दलितहरूले जनगणनामा आउने गणकहरूलाई वास्तविकता बताए नबताएको, गणकहरूले दलितको मर्यादालाई कत्तिको ख्याल गरेको आदि कुराको निगरानी गर्न विभिन्न स्थानमा अनुगमन गर्ने निर्णय गरेका छन् ।
दलित गैरसरकारी संस्था महासंघ, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, जागरण मिडिया सेन्टर, दलित सेवा संघ, दलित महिला संघका प्रतिनिधि सहभागि भएको सो बैठकमा राजधानीका विभिन्न स्थानहरूमा अनुगमन गर्ने निर्णय गरेको हो । निर्णय अनुसार दलित गैरसरकारी संस्था महासंघले नैकाप र स्युचाटार, दलित महिला संघले गोदावरी, धापाखेल र टिकाथली, राष्ट्रिय दलित नेटवर्कले थली, वानेश्वर र कपन, जागरण मिडिया सेन्टरले कलंकी र डल्लु, दलित सेवा संघ र जनउत्थान प्रतिष्ठानले थानकोट, टुसाल र किर्तिपुरमा अनुगमन गर्ने निर्णय गरेको छ । सो अनुसार अनुगमन पनि शुरू भइसकेको छ ।